# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, पौष १७ गते २०२३ साल [ अतिरिक्ताङ्क ४३


श्री ५ को सरकार

### भूमिसुधार कृषि तथा खाद्य--मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको जग्गा (नाप-जाँच) नियमहरू, २०२३ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

### जग्गा (नाप-जांच) नियमहरू, २०२३

जग्गा (नाप-जाँच) ऐन, २०१९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम जग्गा (नाप-जाँच) नियमहरू, २०२३ रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमाः–

(क) "ऐन" भन्नाले जग्गा (नाप-जांच) ऐन, २०१९ सम्झनु पर्छ ,

(ख) "निर्देशक" भन्नाले श्री ५ को सरकार सर्भे विभागको निर्देशक सम्झनु पर्छ,

(ग) "सेटलमेण्ट अफिसर" भन्नाले श्री ५ को सरकार सर्भे विभाग अन्तर्गत जग्गा (नाप-जांच) गराउने सर्भे गोस्वाराको मूल अड्डा प्रमुख सम्झनु पर्छ,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "सर्भे इन्स्पेक्टर" भन्नाले सेटलमेण्ट अफिसर मातहतको जग्गा (नाप–जांच) गराउने सर्भे इन्स्पेक्टर सम्झनु पर्छ,

(ङ) "अमीन" भन्नाले सर्भे इन्स्पेक्टरको नियन्त्रण अन्तर्गत जग्गा (नाप–जांच) गर्ने अमीन सम्झनु पर्छ,

(च) "डोर" भन्नाले ऐनको दफा ३।१, बमोजिम आदेश जारी गरी तोकिएको कुनै क्षेत्रमा गै ऐन वा ऐन अन्तर्गत नियमबमोजिम काम गर्ने सर्भे गोस्वाराको स्थानीय टोली सम्झनु पर्छ ।

३. जग्गा नाप–जांच गर्ने अधिकारीः– (१) ऐनको दफा २ को उप–दफा (२) बमोजिम जग्गा नापी वा जांच गर्ने र त्यसको क्षेत्रफल एकिन गर्ने अधिकारी सम्बन्धित डोरको अमीन हुनेछ ।

(२) उप–नियम (१) बमोजिमको काम बाहेक ऐनको दफा ३ को उप–दफा (२) बमोजिमको अन्य काम गर्ने अधिकारी सम्बन्धित डोरको सर्भे इन्स्पेक्टर हुनेछ ।

४. मुरी वा धुर नपुगेको मा माटो कायम गर्ने बारेः– ऐनको दफा ४ को खण्ड (ग) बमोजिम मुरी वा धूर नपुगेको मा देहायको तरीकाले माटो कायम गरिने छः–

(१) मुरी नपुग हुन आएमा १ रोपनीको १६ खण्डको एक खण्ड १ आना, १ आनाको ४ खण्डको एकखण्ड १ पैसा र १ पैसाको ४ खण्डको १ खण्ड १ दामको दरले हिसाब गर्ने र आधा दाम वा सोभन्दा बढीलाई एकदाम मानिने आधा दामभन्दा कमको हिसाब गरिने छैन ।

(२) धूर नपुग हुन आएमा १ धूरको ४ खण्डको १ खण्ड १ कनुवाको दरले हिसाब गर्ने र आधा कनुवा वा सोभन्दा बढीलाई एक कनुवा मानिने र आधा कनुवाभन्दा कमको हिसाब गरिने छैन ।

५. मौजाको सीमाना छुट्याउनेः– (१) ऐनको दफा ५ बमोजिम कुनै मौजाको नापी हुने भएमा सर्भे इन्स्पेक्टरले सो मौजाको जग्गावाला किसान संधियारको सम्बन्धित जिमिदार पटवारी तथा गाउं–पञ्चायतलाई सो व्यहोराको लिखित सूचना दिनु पर्छ ।

(२) उप–नियम (१) बमोजिमको सूचना पाएको १५ दिनभित्र सूचना दिइएका व्यक्तिहरूको रोहबरमा सबन्धित मौजाका जिमिदार पटवारीले पेश गरेको सम्बन्धित मौजाको स्रेस्ताबमोजिम सम्बन्धित डोरको सर्भे इन्स्पेक्टरले सो मौजाको सीमाना छुट्याई सम्बन्धित जिमिदार पटवारीलाई सो छुट्याइएको सूचना दिने ।

(३) उप–नियम (२) बमोजिम छुट्याइएको सीमानामा सम्बन्धित कुनै जिमिदारको चित्त नबुझेमा सीमाना छुट्याइएको सूचना पाएको ३५ दिनभित्र जिल्ला मालमा अपील गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. स्रेस्ता बुझ्ने वा जरिवाना गर्ने अधिकारः– (१) ऐनको दफा ६ को उप–दफा (३) बमोजिम सर्भे इन्स्पेक्टरलाई स्रेस्ता बुझाउनु पर्छ

(२) ऐनको दफा ६ को उप–दफा (३) बमोजिम सम्बन्धित जिमिदार पटवारीलाई प्रथम पटक जरिवाना गर्ने र दोस्रो पटकको म्याद दिने अधिकार सर्भे इन्स्पेक्टरलाई हुनेछ

७. जग्गा दर्ता गर्ने र दर्ता पुर्जा पाउनेः– (१) ऐनको दफा ८ (१) बमोजिम स्रेस्ता तयार गर्दा सेटलमेण्ट अफिसरले सम्बन्धित जग्गावाला र किसानलाई निजको हकभोग-सम्बन्धी लिखित प्रमाण पेश गर्न १५ दिनको म्याद दिई सूचना गर्नेछ ।

(२) ऐनको दफा ८ (२) बमोजिम प्रथम पटक जरिवाना गर्ने अधिकार सेटलमेण्ट अफिसरलाई हुने छ ।

(३) ऐनको दफा ८ (२) बमोजिमको दोस्रो पटकको म्याद ७ दिनको हुने छ ।

(४) ऐनको दफा ८ (३) बमोजिमको दर्ता पुर्जा अनुसूची १ बमोजिमको हुने छ ।

(५) ऐनको दफा ८ (३) बमोजिमको दर्ता पुर्जा सेटलमेण्ट अफिसरले सम्बन्धित जग्गावाला र किसानलाई दिने छ ।

(६) ऐनको दफा ८ (३) बमोजिम दर्ता पुर्जा नपाउने वा पाएको दर्ता पुर्जामा चित्त नबुझ्ने जग्गावालाले सो उप–दफाबमोजिमको म्यादभित्र जिल्ला अदालतमा अपील गर्न सक्नेछ ।

८. जग्गाको साँध सीमानाको झगडा निर्णय गर्ने अधिकारः– (१) ऐनको दफा ८ (४) को प्रतिबन्धात्मक वाक्यांशबमोजिमको झगडा निर्णय गर्ने अधिकार सेटलमेण्ट अफिसरलाई हुने छ ।

(२) उप–नियम (१) बमोजिमको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको १५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा अपील गर्न सक्नेछ ।

९. नक्शाको ढाँचाः– ऐनको दफा ११ बमोजिमको नक्शाको ढाँचा श्री ५ को सरकारबाट तोकिएबमोजिमको हुने छ ।

१०. अधिकारीहरूः– (१) ऐनको दफा १० बमोजिम किसिम छुट्याउने अधिकारी र दफा १२ (१) बमोजिम पहिलो र दोस्रो पटक जरिवाना गर्ने अधिकारी सेटलमेण्ट अफिसर र तेस्रो पटकको जरिवाना वा कैद गर्ने अधिकारी जिल्ला अदालत हुने छ ।

(२) ऐनको दफा १२ (२) बमोजिम जरिवाना गर्ने अधिकार जिल्ला अदालतलाई हुने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सर्भे फर्म नं. ४

अनुसूची – १

श्री

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालय

पाना नं.

जग्गाधनी नम्बर … … … …

जग्गाधनीको नाम थर … … …

… … … … … … …

जग्गाधनीको वतन … … … …

… … … … … … …

अञ्चल … … … … … …

जिल्ला … … … … … …

पञ्चायत … … … … … …

जम्मा क्षेत्रफल ………………

## जग्गाधनी दर्ता प्रमाण पुर्जा

| प्रमाण संकेत | वार्ड | कित्ता नम्बर | विवरण | जग्गाधनी-को हक हिस्सा | मोहीको नाम, नम्बर,थर र वतन | जग्गाको किसिम र क्षेत्रफल: धनहर वा खेत (बिगहा,रोपनी) | | | | जग्गाको किसिम र क्षेत्रफल: भीर वा पाखा (बि. रो.) | | माल-पोत | सहिछाप र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अवल | द्वयम | सिम | चाहार | अवल | द्वयम | | |
| | | | | | | | | | | | | | |
| | | | | | जंमाअगाडिलगेको | | | | | | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| प्रमाण संकेत | वार्ड | कित्ता नम्बर | विवरण | जग्गाधनीको हक हिस्सा | मोहीको नाम, नम्बर थर र वतन | जग्गाको किसिम र क्षेत्रफल: धनहर वा खेत (बिगहा रोपनी) | | | | भी. वा पा. (वि.रो.) | | मालपोत | सहिछाप र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अव्वल | द्वयम | सिम | चाहार | अव्वल | द्वयम | | |
| | | | | | अगाडिकोजम्मा ल्याएको | | | | | | | | |

आज्ञाले–
कृष्णबम मल्ल,
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९९८२